गण्डकी प्रदेश सरकार

कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## स्याङ्जा

**कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

**(तेश्रो पटक प्रकाशन भएको मिति २०७९/१०/१९)**

यस कार्यलयको आ.व. २०७९/०८० को वार्षिक स्विकृत कार्यक्रम अनुसार बजेट उप-शिर्षक ३१२०१०१६३ तर्फको तपसिल बमोजिम कार्यक्रम संचालन गर्न इच्छुक हरिनास गा.पा., बिरुवा गा.पा., फेदिखोला गा.पा., अर्जुनचौपारी गा.पा. र वालिङ्ग नगरपालिका भित्रका कृषिसंग सम्बन्धित समुह तथा सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग/ लागत साझेदारी | ईकाइ | परिमाण | जम्मा वजेट रु. (लाखमा) | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ग्रामिण पोषण सुरक्षण कार्यक्रम | बढिमा ९० % सम्म अनुदान उपलब्ध गराईने | संख्या | ४ | २० | ग्रामिण पोषण सुरक्षण कार्यक्रम संचालन माप्दण्ड, २०७८ | - खाद्य तथा पोषण सुरक्षाका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील रहेका क्षेत्रलाई प्राथिमिकीकरण गरी कार्यक्रम संचालन हुने क्षेत्र तथा क्लष्टर छनौट गरिने ।<br>- पहिले देखि आधुनिक घारमा मौरी पालन गर्दै आएका, प्लास्टिक घर निर्माण गरी तरकारी लगाईरहेका र व्यवसायिक रुपमा फलफुल खेति वा पशुपन्छि पालन गर्दै आएका घरधुरीहरु क्लष्टरमा समावेश हुन पाउने छैनन । |

आवश्यक कागजातहरु:

- निर्दिष्ट ढाचांमा प्रस्ताव र रु १० को टिकट सहितको निवेदन ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपी र जग्गा करार लिजमा लिई/कार्यक्रम संचालन गर्नेको हकमा न्युनतम १० वर्षको लागि करार सम्झौताको प्रतिलिपी ।
- कृषक समूह/ कृषि सहकारीको हकमा (नवीकरण गर्नुपर्ने भएमा नविकरण गरेको), PAN/VAT दर्ता प्रमाणपत्र, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, वार्षिक लेखा परिक्षण प्रतिवेदन र सस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि।
- अघिल्लो दुइ आ. व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोसणा पत्र ।
- सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

*नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयको वेवसाइट www.syangja.akc.gov.np बाट प्राप्त गर्न सकिन्छ।*

पुनश्चः माथि उल्लिखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथि कुनै प्रक्रिया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन र साथै विगतका दुई आ.व. मा उस्तै प्रकृतिका कार्यलाई यस कार्यालयबाट अनुदान प्राप्त नगरेका कृषि समूह तथा सहकारीलाई प्राथमिकतामा राखिने छ ।

**इमेल :akcsyangja@gmail.com**

**थप जानकारीका लागि सम्पर्क नं. : ०६३-४२०१३०, ९८५६०५४०८५**

विनोद हमाल